# पोखरा फाइनान्स लिमिटेड
# POKHARA FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

च.नं.२८/७९/८०/००१/२६७

मिति २०७९/०९/३०

श्री नेपाल स्टक एक्स्चेन्ज लि.,
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

विषय : **साधारण सभा सम्पन्न भएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७९ पौष ३० गते शनिवारका दिन पोखरा फाइनान्स लिमिटेडको छब्बिसौं वार्षिक साधारण सभा दरबारथोक, बैंक्वेट, पोखरामा सम्पन्न भई आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन, वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन लगायतका प्रस्तावहरु पारित गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त साधारण सभाले आगामी ४ वर्षको लागि संस्थापक शेयरधनीको तर्फबाट श्री डा. दीर्घमान गुरुङ, श्री प्रतिक गुरुङ र श्री दिवाकर पौडेललाई सञ्चालकमा सर्वसम्मत नियुक्ती गरेको छ । साथै आ.व.२०७९/०८० को लागि सुजन काफ्ले एण्ड एशोशिएट्स्, साझेदार सिए लव कुमार खत्रीलाई लेखापरीक्षकको रुपमा नियुक्त गरेको छ ।

धन्यवाद ।

भवदीय,

पोखरा फाइनान्स लिमिटेड २०५२

रविन्द्र गुरुङ
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

पोखरा फाइनान्स लिमिटेड
POKHARA FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

Since 2053 B.S.

# मिति २०७९/०९/३० गते सम्पन्न भएको २६ औं वार्षिक साधारण सभाको निर्णय माइन्युटको विवरण

पोखरा, कास्की

## पोखरा फाइनान्स लिमिटेडको
## छब्बिसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण
## (माइन्युट)

**१. वैधानिक सभा**

कम्पनी ऐन, २०६३ र वित्तीय संस्थाको नियमावली बमोजिम वित्तीय संस्थाको वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री भुवनसिं गुरुङज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

**२. सभाको सूचना**

कम्पनी ऐन, २०६३ को दफा ६७ र वित्तीय संस्थाको नियमावली बमोजिम वित्तीय संस्थाको २६ औं वार्षिक साधारण सभाको सूचना मिति २०७९/०९/०९ गतेको राजधानी राष्ट्रिय दैनिक र दोश्रो पटक २०७९/०९/१८ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो र सोही दिन वित्तीय संस्थाको वेभसाइट www.pokharafinance.com.np मा समेत प्रकाशन गरिएको थियो भने २०७९/०९/२७ गतेबाट अन्नपूर्ण, एभरेष्ट, रेडियो जननी एफएममा सुचना प्रसारित गरिएको थियो ।

**सभा हुने मिति, समय र स्थान**

सभा हुने मिति : २०७९ साल पौष महिना ३० गते शनिबार, तद्अनुसार १४ जनवरी, २०२३
समय : विहान ९:०० बजे
स्थान : दरबारथोक बैंक्वेट, बाँस्तोलाथर, पोखरा ९, कास्की ।

**३. छलफलका विषयहरु**

**क) साधारण प्रस्तावहरु :**

१) आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल र पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३) लेखापरीक्षण समितिको सिफारिस अनुरुप वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम प्रति सेयर ०.२१ प्रतिशत नगद लाभांश (लाभांशमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति गर्ने ।
५) संस्थापक समूहबाट सञ्चालक समितिमा मनोनित सञ्चालकको जानकारी सम्बन्धमा ।
६) स्वतन्त्र सञ्चालक नियुक्तिको जानकारी सम्बन्धमा ।
७) संस्थापक सेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप लाभांश बापत वित्तीय संस्थाको चुक्ता पुँजीको ४ प्रतिशतका दरले बोनस सेयर स्वीकृत गर्ने ।

२) वित्तीय संस्थाको सञ्चालक समितिले प्रस्ताव गरेअनुसारको बोनस सेयर वितरण पश्चात् जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने र सोही बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।

३) पोखरा फाइनान्स लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित - एक्विजिशन)/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक, वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

४) वित्तीय संस्थाको प्रबन्धपत्रमा संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थप घट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

**४. उपस्थिति**

**४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु:**

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री भुवनसिं गुरुङ | अध्यक्ष |
| २. | श्री डा दीर्घमान गुरुङ | सञ्चालक |
| ३. | श्री शोभा गुरुङ | सञ्चालक |
| ४. | श्री प्रेम बहादुर थापा | सञ्चालक |
| ५. | श्री डा दीपेन्द्र कुमार गौतम | सञ्चालक |
| ४. | श्री कृष्ण बहादुर गुरुङ | सञ्चालक |
| ५. | श्री प्रकाश गुरुङ | सञ्चालक |

**४.२ कानूनी सल्लाहकार**

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री निर्मल कुमार कार्की | कानूनी सल्लाहकार |

**४.३ उपस्थित अन्य पदाधिकारी**

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री रवि चन्द्र गुरुङ | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| २. | श्री राजु मोहन भट्टराई | नायब कार्यकारी प्रमुख |

| | | |
|---|---|---|
| ३. | श्री बुद्धिलक्ष्मी गुरुङ | वरिष्ठ प्रबन्धक |
| ४. | श्री नाम देवी पुन | प्रमुख, अनुपालन |
| ५. | श्री सुमन खुलाल | प्रमुख, वित्त/ट्रेजरी विभाग |
| ६. | श्री आनन्द मान श्रेष्ठ | प्रमुख, सञ्चालन विभाग |
| ७. | श्री विजया के.सी. | प्रमुख, जोखिम |
| ८. | श्री युवराज बोहोरा | प्रमुख, कर्जा बजारीकरण |
| ९. | श्री कृपा राना | सुपरभाइजर, सामान्य प्रशासन विभाग |
| १०. | श्री अरुण गुरुङ | आइ टि विभाग |

**४.४ सेयरधनीको उपस्थिति**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने सेयरधनीको संख्या | ८८ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने सेयरधनी संख्या | ५४ |
| जम्मा | | |

**५. गणपुरक संख्या**

| कुल सेयरधनी संख्या | कुल सेयर संख्या | सेयरधनीको उपस्थिति | | | | | | सेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वयं उपस्थिति | | प्रतिनिधिमार्फत | | कुल | | |
| | | संख्या | सेयर | संख्या | सेयर | संख्या | सेयर | |
| ४०,५२८ | १,०४,०९,१९८ | ८८ | १९,६५,३१८ | ५४ | ३४,६२,९२१ | १४२ | ५४,२८,२३९ | ५२.१५ |

**६. सभाको वैधानिकता**

६.१ कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्थाको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल सेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी सेयर प्रतिनिधित्व हुने गरी कुल सेयरधनीहरु मध्ये कम्तीमा ३ जना सेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको छब्बिसौं वार्षिक साधारण सभामा राखिएको सेयरधनी हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने सेयरधनीको संख्या ८८ जना र प्रोक्सी मार्फत ५४ जना गरी कुल १४२ जनाको उपस्थिति रही कुल सेयरको ५२.१५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम वित्तीय संस्थाको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात कास्कीमा नै गरिएको हुँदा कानूनी सल्लाहकारले प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री भुवनसिं गुरुङज्यूको सभापतित्वमा गर्ने व्यहोरा कानूनी सल्लाहकारले जानकारी गराउँदै सञ्चालक

समितिका अध्यक्ष श्री भुवनसिं गुरुङज्यूको सभापतित्वमा वित्तीय संस्थाको छब्बिसौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

**७. वार्षिक साधारण सभाको प्रस्तुती**

७.१ सभाका अध्यक्षज्यूले उपस्थित सबै सेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषयसूची अनुसार आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

७.२ तत्पश्चात् अध्यक्षज्यूले वित्तीय संस्थाको लेखापरीक्षण प्रतिवेदनसहित २०७९ आषाढ मसान्तको वासलात, आ.व. २०७८/७९ को नाफा नोक्सानीको हिसाव तथा नगद प्रवाह विवरण लगायतका विवरणहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**८. छलफलको लागि आव्हान र सहभागी सेयरधनीहरु**

८.१ वित्तीय संस्थाको संचालक समितिको आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन, २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञाषा तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले सेयरधनीहरु समक्ष अनुरोध गर्नु भएकोमा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई सल्लाह तथा सुझाव राख्नु हुने सेयरधनी महानुभावहरुको नाम :

१. श्री श्रीराम गौतम

२. श्री हरि कृष्ण वाग्ले

**९. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलको क्रममा सेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका सल्लाह तथा सुझाव तथा लिखित सुझावलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**श्री श्रीराम गौतम**

- ✓ वित्तीय संस्थाले सामाजिक उत्तरदायित्वमा गरेको खर्चहरुको विवरण प्रष्ट गर्नुपर्ने ।
- ✓ साधारण सभामा थोरै मात्र शेयरधनीको उपस्थिति किन होला ?
- ✓ सधै मर्जको एजेण्डा राखेर मर्ज नगर्ने अनि मर्ज कमिटिले मर्जरको लागि केही प्रक्रिया गरेको छ कि छैन ?
- ✓ EPS खस्किएकोले वृद्धिको लागि चुनौति र रणनीति के के गरिएको छ ?
- ✓ नेपाल राष्ट्र बैंकले वार्षिक प्रतिवेदन स्वीकृतीको लीग दिएको निर्देशन बारे जिज्ञासा ।
- ✓ कर्मचारी संख्यामा अत्याधिक वृद्धि भएको देखियो ।
- ✓ अर्को वर्ष लाभांश दोहोरा अंकमा प्रदान गर्ने कोशिश गर्नुपर्ने ।

**श्री हरि कृष्ण वाग्ले**

- ✓ साधारण सभाको लागि वार्षिक पुस्तिका सकृय शेयरधनीहरुलाई समयमै पुराउनुपर्ने ।
- ✓ साधारण सभा ढिलो भयो आगामी वर्षबाट छिट्टै गर्ने व्यवस्था गर्नुपर्ने ।
- ✓ वित्तीय सूचकहरु उत्साहजनक रुपमा वृद्धि नभएको ।
- ✓ Result Oriented काम गर्नुपर्यो ।
- ✓ Mutual Fund भन्दा सेयरमा लगानी वृद्धि गर्नु पर्ने देखियो ।

**१०. सभाका सेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा र प्रश्नहरुको जवाफ :**

वित्तीय संस्थाका सेयरधनीहरुबाट वार्षिक प्रतिवेदनका सम्बन्धमा उठाउनु भएको जिज्ञासा तथा प्रश्नहरुको सन्दर्भमा अध्यक्षज्यूले निम्नानुसार जानकारी गराउनु भयो ।

- ✓ वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम नै संस्थागत सामाजिक उत्तरदायित्व शिर्षकमा खर्च गर्ने गरिएको ।
- ✓ वित्तीय संस्था Result Oriented भएर कार्य गर्नकै लागि वित्तीय संस्थाले विभिन्न योजना तर्जुमा गर्नुका साथै बजेट समेत तयार गरी लागु गरिएको र वित्तीय संस्था निश्चित Vision तथा Mission लिएर अघि बढि रहेको छ ।
- ✓ वित्तीय संस्था मर्जरको लागि सधै खुल्ला छ र मर्जर सम्बन्धी प्रस्ताव आजको साधारण सभामा समेत राखिएको छ एवं केही संस्थासँग प्रारम्भिक चरणको छलफल समेत भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।
- ✓ कम्पनी ऐनमा भएको व्यवस्थाको अधिनमा रही साधारण सभा आह्वान गरिएको र कानूनी रुपमा साधारण सभा ढिला भएको नभएतापनि आगामी दिनमा छिटो गर्ने तर्फ पहल गरिनेछ ।
- ✓ अगामी दिनमा वित्तीय संस्थाको प्रति सेयर आम्दानीमा आकर्षक बढोत्तरी हुनेछ ।
- ✓ वित्तीय संस्थाका सेयरधनीज्युहरुले दिनु भएको सुझावलाई मनन गर्दै अगाडि बढिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**११. छब्बिसौं वार्षिक साधारण सभाका निर्णयहरु**

**क) साधारण प्रस्तावहरु :**

१) **आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल र पारित गर्ने ।**

वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२) **लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।**

वित्तीय संस्थाको लेखापरीक्षकको प्रतिवेदन, २०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**३) लेखापरीक्षण समितिको सिफारिस अनुरुप वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुरुप बाह्य लेखापरीक्षकको नियुक्त गर्ने सम्बन्धमा लेखापरीक्षक श्री **सुजन काफ्ले एण्ड एशोसियट्स,** चार्टर्ड एकाउण्टेण्ट्स, काठमाडौंलाई २०७९/८० को अन्तिम लेखापरीक्षण शुल्क, २०७९/८० को Long Form Audit Report शुल्क, आ.व. २०७९/८० को कर लेखापरीक्षण शुल्क, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिम को प्रतिवेदन प्रमाणित शुल्क, नेपाल धितोपत्र बोर्डद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणित शुल्क, NFRS Review सम्बन्धि कामको शुल्क तथा शाखा भ्रमण कार्यको लागि लाग्ने खर्च समेत गरी एकमुष्ट रु ७,००,०००/- (मु.अ.क सहित) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले स्वीकृत गरियो ।

**४) सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम प्रति सेयर ०.२१ प्रतिशत नगद लाभांश (लाभांशमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति गर्ने ।**

वित्तीय संस्थाको सञ्चालक समितिको बैठकले पेश गरेबमोजिम नेपाल राष्ट्र बैंकबाट समेत स्वीकृत भएको हालको चुक्ता पुँजी रु १ अर्व ४ करोड ९ लाख १९ हजार ८ सय १३ को ०.२१ प्रतिशतले हुने रकम रु २१ लाख ८५ हजार ९ सय ३१ र ६१/१०० रुपैया मात्र नगद लाभांश (बोनस सेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**५) संस्थापक समूहबाट सञ्चालक समितिमा मनोनित सञ्चालकको जानकारी सम्बन्धमा ।**

संस्थापक समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक श्री रेसमलाल पौडेलले व्यक्तिगत कारणले सो पदमा रहन नसक्ने व्यहोरा अवगत गराउदैं २०७८/११/६ मा दिनुभएको राजिनामा २०७८/११/२३ गते देखि लागू हुने गरी स्वीकृत भएको र उक्त रिक्त रहेको सञ्चालक पदमा २०७८/११/२६ देखि लागू हुने गरी कास्की जिल्ला पोखरा म न पा वडा न १६ निवासी श्री डा.दीर्घमान गुरुङलाई बाँकी कार्यकाल आगामी साधारण सम्मको लागि सञ्चालक पदमा मनोनित गरेकोमा उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**६) स्वतन्त्र सञ्चालक नियुक्तिको जानकारी सम्बन्धमा ।**

स्वतन्त्र सञ्चालक श्री विष्णु हरि तिमिलसिनाले व्यक्तिगत कारणले सो पदमा रहन नसक्ने व्यहोरा अवगत गराउदैं २०७८/११/१० मा दिनुभएको राजिनामा २०७८/११/२३ देखि लागू हुने गरी स्वीकृत भएको र उक्त रिक्त रहेको स्वतन्त्र सञ्चालक पदमा २०७८/११/२६ देखि लागू हुने गरी स्याङजा जिल्ला पुतलीबजार नगरपालिका वडा न ८ स्थायी घर भई हाल पोखरा म न पा वडा न १७ निवासी श्री प्रकाश गुरुङलाई आगामी ४ वर्षको लागि स्वतन्त्र सञ्चालक पदमा नियुक्ती गरेकोमा उक्त नियुक्तीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**७) संस्थापक सेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।**

संस्थापक समुहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धमा निर्वाचन कार्यक्रम अनुसार आगामी ४ वर्षको लागि संस्थापक समुहबाट सञ्चालक समितिको लागि श्री डा. दीर्घमान गुरुङ, श्री प्रतिक गुरुङ र श्री दिवाकर पौडेल (डिडि इन्भेष्टमेन्ट प्रा.लि.को तर्फबाट प्रतिनिधि) र श्री

शोभा गुरुङ को उम्मेदवारी परेकोमा श्री शोभा गुरुङले पेश गर्नुभएको निवेदन अनुसार अध्यक्षज्यूबाट उम्मेदवारी फिर्ताको अनुमति भएबाट श्री डा. दीर्घमान गुरुङ, श्री प्रतिक गुरुङ र श्री दिवाकर पौडेल (डिडि इन्भेष्टमेन्ट प्रा.लि.को तर्फबाट प्रतिनिधि) को मात्र उम्मेदवारी कायम रहेबाट निजहरु निर्विरोध निर्वाचित भएको निर्णय सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

**ख) विशेष प्रस्तावहरु :**

**१) सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप लाभांश बापत वित्तीय संस्थाको चुक्ता पुँजीको ४ प्रतिशतका दरले बोनस सेयर स्वीकृत गर्ने ।**

वित्तीय संस्थाको सञ्चालक समितिको बैठकले पेश गरेबमोजिम नेपाल राष्ट्र बैंकबाट समेत स्वीकृत भएको हालको चुक्ता पुँजी रु १ अर्व ४ करोड ९ लाख १९ हजार ८ सय १३ को ४ प्रतिशतले हुने रकम रु ४ करोड १६ लाख ३६ हजार ७ सय ९२ र ५२/१०० रुपैया बराबर बोनस सेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**२) वित्तीय संस्थाको सञ्चालक समितिले प्रस्ताव गरेअनुसारको बोनस सेयर वितरण पश्चात् जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने र सोही बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।**

वित्तीय संस्थाको प्रबन्धपत्रमा हुने संशोधन सम्बन्धी प्रस्ताव सर्वसम्पतिबाट पारित गरियो ।

**प्रबन्धपत्रको दफा ५(ख) को सट्टामा देहाय बमोजिम दफा ५(ख) कायम गरिएको :**

वित्तीय संस्थाको जारी पुँजी रु १,०८,२५,५६,६०५/५२- ( एक अर्व आठ करोड पच्चिस लाख छपन्न हजार छ सय पाँच रुपैया र वाउन्न पैसा) मात्र हुनेछ । उक्त पुँजीलाई रु १००/- (रुपैया एक सय मात्र) दरका १,०८,२५,५६६.०५ (एक करोड आठ लाख पच्चिस हजार पाँच सय छैसठ्ठी र ०५/१००) थान साधारण सेयरमा विभाजन गरिएको छ ।

**प्रबन्धपत्रको दफा ५(ग) को सट्टामा देहाय बमोजिम दफा ५(ग) कायम गरिएको :**

वित्तीय संस्थाको चुक्ता पुँजी रु. १,०८,२५,५६,६०५/५२- ( एक अर्व आठ करोड पच्चिस लाख छपन्न हजार छ सय पाँच रुपैया र वाउन्न पैसा) मात्र हुनेछ ।

**३) पोखरा फाइनान्स लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (एक्विजिशन)/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक, वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जर/एक्विजिशनसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।**

पोखरा फाइनान्स लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित ( एक्विजिशन)/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक, वित्तीय संस्थाको

पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**४) वित्तीय संस्थाको प्रबन्धपत्रमा संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थप घट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

वित्तीय संस्थाको प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनु पर्ने नियामक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थप घट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्यिारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ग) विविध**

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराइयो ।

**१०. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले सेयरधनी महानुभावहरुलाई छलफलमा सकरात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै सेयरधनीहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै पच्चिसौं वार्षिक साधारण सभा सफतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण सेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज, मध्यमस्तरीय करदाता कार्यालय, कर्मचारी वर्ग तथा अन्य संस्थाप्रति शुभेच्छुक सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै विहान ११:०० बजे विधिवत रुपमा सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| ........................ | ........................ |
| रवि चन्द्र गुरुङ | भुवनसिं गुरुङ |
| प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव | अध्यक्ष |

मिति : २०७९/०९/३०